# मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको

## बिक्रम सम्बत् २०७६ साल कार्त्तिक २९ गते शुक्रबारका दिन स्मार्ट क्याफे, धुम्बाराही, काठमाडौंमा सम्पन्न भएको आठौं बार्षिक साधारण सभाको निर्णय पुस्तिका :

१. पृष्ठभूमि :

मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको आठौं वार्षिक साधारण सभा मिति २०७६/०७/२९ गते तदानुसार नोभेम्बर १५, २०१९ का दिन स्मार्ट क्याफे, धुम्बाराही, काठमाडौंमा सम्पन्न भयो । कम्पनी सचिबले सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरु, शेयरधनीहरु तथा कम्पनीका पदाधिकारीहरुलाई आशन ग्रहण गर्न अनुरोध गर्नुका साथै सबैलाई आठौं वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्नु भयो । साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री हरराज न्यौपानेज्यूले गर्नु भएको थियो । साधारण सभामा अध्यक्षज्यूले आ.ब.२०७५/०७६ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो । तत्पश्चात साधारण सभामा निर्धारित विषयहरुउपर छलफल तथा निर्णय भएको थियो । साधारण सभा बिहान ११:०० बजे शुरु भई निर्धारित विषयसूची अनुसारका विषयहरुमा छलफल तथा निर्णय गरी दिउँसो १:३० बजे सम्पन्न भएको थियो ।

साधारण सभाको सूचना तथा प्रकाशनः

(क) आठौं वार्षिक साधारण सभाको सूचना, २०७६ साल आषाढ मसान्तको वासलांत, आ.ब.२०७५/०७६ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणसहितको आर्थिक विवरण र वार्षिक प्रतिवेदन सबै शेयरधनीहरुलाई कम्पनीमा उपलब्ध गराएको ठेगानामा पठाइएको थियो ।

(ख) आठौं बार्षिक साधारण सभाको सूचना मिति २०७६/०७/०१ गतेको आर्थिक राष्ट्रिय दैनिक र मिति २०७६/०७/२० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो ।

२. उपस्थिति :

(क) संस्थागत शेयरधनीहरुको उपस्थिति :

| क.सं. | शेयरवालाको विवरण | प्रतिनिधिको नाम |
|---|---|---|
| १. | श्री चिलिमे जलविद्युत कम्पनी लि. | - श्री सुजन उप्रेती |
| २. | श्री नेपाल विद्युत प्राधिकरण | - श्री समिर प्रसाद पोखरेल |
| ३. | श्री नेपाल अरनिको हाइड्रोपावर कं.लि. | - श्री ध्रुबराज कर्माचार्य |
| ४. | श्री सिन्धु इन्भेष्टमेण्ट कं.प्रा.लि. | - श्री दिनेश पौड्याल |
| ५. | श्री सिन्धुपाल्चोक हाइड्रोपावर कं.लि. | - श्री माधब सापकोटा र श्री गोबिन्द प्रसाद पराजुली |
| ६. | श्री सिन्धु भोटेकोशी हाइड्रोपावर लि. | - श्री गणेश श्रेष्ठ |

(ख) अन्य शेयरधनीहरुको उपस्थिति :

संस्थागत बाहेक हालसम्म शेयर बाँडफाँट भइसकेका अन्य शेयरधनीहरु (कर्मचारी सञ्चयकोषका सञ्चयकर्ता कर्मचारीहरु, संस्थापक संस्थाका कर्मचारीहरु र ऋणदाता संस्थाका कर्मचारीहरु) बाट २३ जनाको उपस्थिति भएको थियो ।

MBK JCL
ESTD 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटे

(ख) **सञ्चालकहरुको उपस्थिति :**

| क्र.सं. | सञ्चालकहरुको नाम | पद विवरण |
|---|---|---|
| १. | श्री हरराज न्यौपाने | अध्यक्ष |
| २. | श्री लेखनाथ कोइराला | सञ्चालक |
| ३. | श्री ब्रज भूषण चौधरी | सञ्चालक |
| ४. | श्री माधव प्रसाद कोइराला | सञ्चालक |
| ५. | श्री सुभाष कर्माचार्य | सञ्चालक |
| ६. | श्री ध्रुब भट्टराई | सञ्चालक |
| ७. | श्री तुलसी राम ढकाल | सञ्चालक |

(ग) **अन्य संघसंस्थाका प्रतिनिधिहरुको उपस्थिति :**

| क्र.सं. | संघ संस्थाको नाम | प्रतिनिधिको नाम |
|---|---|---|
| १. | श्री कम्पनी रजिष्टारको कार्यालय | - श्री राजन कुमार बस्नेत र श्री मदन नारायण मल्लिक |
| २. | श्री एम.जि.एस. एण्ड एशोसियट्स चार्टर्ड एकाण्टेन्ट्स (लेखापरीक्षक) | - सि.ए.श्री ध्रुब अधिकारी |

(घ) **पदाधिकारी एवं अधिकृतहरुको उपस्थिति :**

| क्र.सं. | कर्मचारीहरुको नाम | पद विवरण |
|---|---|---|
| १. | श्री मणि कुमार काफ्ले | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री विजयलाल श्रेष्ठ | प्राबिधिक प्रमुख |
| ३. | श्री मुरली प्रसाद शर्मा | कानूनी सल्लाहकार |
| ४. | डा.सुनिल कुमार लामा | आयोजना प्रमुख |
| ५. | श्री रामप्रसाद सिलवाल | योजना तथा करार प्र.महाशाखा प्रमुख |
| ६. | श्री सूर्यनाथ भूर्त्याल | निर्माण महाशाखा प्रमुख |
| ७. | श्री तोमलाल सुबेदी | कम्पनी सचिव |

३. **सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु :**

साधारण सभामा निम्न विषयहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएका थिए:

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदनको प्रस्तुति ।

(२) लेखापरीक्षण प्रतिवेदनसहित २०७६ साल आषाढ मसान्तको वासलात र आर्थिक वर्ष २०७५/०७६ को आय विवरण तथा नगद-प्रवाह विवरण सहितका अनुसूचीहरुमा छलफल गरी पारित गर्ने ।

(३) आर्थिक वर्ष २०७६/०७७ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) विशेष प्रस्ताव :
विभिन्न संघ संस्थाहरुलाई आर्थिक सहायता दिइएको रकम अनुमोदन सम्बन्धमा ।

(५) बिबिध ।

MBK JCL
ESTD 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

## ४. सभाको बैधानिकता :

साधारण सभा कम्पनी सचिवले कम्पनी ऐन, २०६३ मा भएको प्राबधान तथा कम्पनीको नियमावली बमोजिम बोलाइएको र सभा संचालन गर्नको लागि निर्दिष्ट गणपूरक संख्या *(बाँडफाँट भएको कूल शेयर संख्याको कम्तिमा ५१% प्रतिनिधित्व हुनेगरी कुल शेयरधनीहरुमध्ये कम्तिमा तीनजना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधिमार्फत उपस्थित भएको अवस्था)* पुगेको कुरा जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा उपस्थित शेयरधनीहरुको सभाबाट गणपूरक संख्या पुगेको र सभा रीतपूर्वक बोलाइएको ठहर गरी बिधिवतरुपमा सभा संचालन गर्ने निर्णय भयो । यस वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री हरराज न्यौपानेज्यूले गर्नुहुने कुरा पनि सभामा जानकारी गराइयो । त्यसपछि विषयसूची अनुसार सभाको कार्यक्रम प्रारम्भ भयो ।

शेयरधनी महानुभावहरुको उपस्थिति तथा गणपूरक संख्याको विवरण :

| शेयरधनीको किसिम | बाँडफाँट भएको शेयरको | | | उपस्थित भएका शेयरधनीहरुको | | | |
|---|---|---|---|---|---|---|---|
| | शेयरधनी संख्या | शेयर कित्ता | शेयर रकम (रु.हजारमा) | शेयरधनी संख्या | शेयर कित्ता | शेयर रकम (रु.हजारमा) | उपस्थिति प्रतिशत |
| संस्थापक शेयरधनीहरु | ६ | ३,०६,००,००० | ३,०६,००,०० | ६ | ३,०६,००,००० | ३,०६,००,०० | ६८ |
| कर्मचारी सञ्चयकोषका सञ्चयकर्ता कर्मचारीहरु | १,३९,७७८ | १,१७,००,००० | १,१७,००,०० | | | | |
| संस्थापक संस्थाका कर्मचारीहरु | ८,४३९ | २१,००,००० | २१,००,०० | | | | |
| कर्मचारी सञ्चयकोषका कर्मचारीहरु | ६१२ | ६,००,००० | ६,००,०० | २३ | ३,८३४ | ३,८३ | ०.००८५ |
| **जम्मा:** | **१,४८,८३५** | **४,५०,००,०००** | **४,५०,००,००** | **२९** | **३,०६,०३,८३४** | **३,०६,०३,८३** | **६८.००८५** |

यस कम्पनीका जम्मा ६(छ) संस्थागत शेयरधनीहरु रहेकोमा सबै संस्थागत शेयरधनीहरुले मनोनयन गरेका ६ जना प्रतिनिधिहरु र अन्य शेयरधनीहरुबाट २३ जना शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

## ५. सभा संचालन तथा प्रस्तावउपर छलफल :

विषय सूची अनुसार साधारण सभाको कार्यक्रम संचालन गर्न अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री हरराज न्यौपानेज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्न अनुरोध गर्नु भयो । तत्पश्चात अध्यक्षज्यूले सञ्चालक समितिका तर्फबाट आ.ब. २०७५/०७६ को वार्षिक प्रतिवेदन साधारण सभासमक्ष प्रस्तुत गर्नु भयो । अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि शेयरधनीहरुलाई सो प्रतिवेदन तथा उहाँहरुलाई उपलब्ध गराइएको लेखापरीक्षण प्रतिवेदनउपर आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न अनुरोध गरिएको थियो । यसरी आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्ने शेयरधनी प्रतिनिधिहरुमा (१) श्री गोविन्द प्रसाद पराजुली (२) श्री समिर प्रसाद पोखरेल (३) श्री माधव सापकोटा हुनुहुन्थ्यो ।

### (१) श्री गोविन्द प्रसाद पराजुली :

कम्पनीको आठौं वार्षिक साधारण सभामा सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लि.का प्रतिनिधि श्री गोविन्द प्रसाद पराजुलीले कम्पनीको बार्षिक प्रतिवेदन एवं आर्थिक विवरणउपर धारणा राख्नु हुँदै आफ्ना भनाईहरु यसरी राख्नु भयो :

MBK JCL
ESTD 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

मध्य भोटेकोशी जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गर्न हालै मिति 31st December 2020 सम्म समयावधि थप गरिएकोमा हालको गतिले आयोजनाको निर्माण कार्य हुँदैजाने हो भने यो थपिएको समयावधिमा पनि काम सम्पन्न हुने विश्वासनीय आधार देखिदैंन । यो समयमा काम सम्पन्न हुनसक्ने विश्वसनीय आधार के हो ? व्यवस्थापनले जवाफ दिनु पर्‍यो भनी प्रश्न गर्नुभयो ।

त्यसैगरी उहाँले मध्य भोटेकोशी जलविद्युत आयोजनाको निर्माण कार्य अगाडि बढाउन सिन्धुपाल्चोक जिल्लाका संस्थापक शेयर लगानीकर्ता चारवटा स्थानीय कम्पनीहरुको महत्वपूर्ण योगदान रहेको छ । मध्य भोटेकोशी कम्पनीको स्थापना कालमा यी कम्पनीहरुलाई पछि यस मध्य भोटेकोशी जलविद्युत कम्पनीमा मर्ज गर्ने कुरा भएको थियो । अतः यी स्थानीय ४ वटा कम्पनीलाई मध्य भोटेकोशी जलविद्युत कम्पनीमा मर्ज गर्ने व्यवस्थाका लागि यस सभामा विशेषरुपमा छलफल हुन अनुरोध गर्नुहुदैं आफूले यो विषय यस अघिको बार्षिक साधारण सभामा पनि उठाएको स्मरण गराउनु भयो ।

(२) **श्री समिर प्रसाद पोखरेल** :

कम्पनीको आठौं वार्षिक साधारण सभामा नेपाल विद्युत प्राधिकरणका प्रतिनिधि श्री समिर प्रसाद पोखरेलले आयोजना निर्माण चरणमा भएता पनि यस कम्पनीले केही बचत रहेको रकम बैंकको कल एवं मुद्दती खातामा लगानी गरेर आय (ब्याज) आर्जन गरी आ.ब.२०७५/०७६ मा केही रकम भएपनि नाफा गर्न सकेकोमा कम्पनी व्यवस्थापनलाई धन्यावाद दिनुभयो ।

उहाँले आयोजनाको निर्माण कार्य सम्पन्न गर्ने अवधि मिति 31st December 2020 थप गरी यकिन भइसकेको सर्न्दभमा निर्माण अवधिको ऋणको ब्याज कति हुने भन्ने कुरा बार्षिक प्रतिवेदनमा उल्लेख गरिदिनु भएको भए राम्रो हुने थियो भन्नुहुँदै यस कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गर्दा के कति दररेटमा गरेको छ ? सो कुरा खलाई दिनु हुन अनुरोध गर्नु भयो ।

साथै उहाँले यस कम्पनीको कार्यप्रकृतिको आधारमा नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार आर्थिक विवरण तयार गर्दा IFRIC 12 लाग्ने जस्तो लाग्छ र यस सम्बन्धमा कम्पनीले Notes to Account मा Disclosure Note पनि लेखेको छ, यस विषयमा प्रष्ट पारिदिनु हुन अनुरोध गर्दछु भन्नु भयो ।

(३) **श्री माधव सापकोटा** :

कम्पनीको आठौं वार्षिक साधारण सभामा सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लि.का प्रतिनिधि श्री माधव सापकोटाले बार्षिक प्रतिवेदनउपर आफ्नो धारणा राख्नुहुँदै निर्माणाधीन मध्य भोटेकोशी जलविद्युत आयोजनाको निर्माण कार्यमा हाल कुनै प्राकृतिक प्रकोपको प्रभाव परेको अवस्थामा पनि काममा किन ढिलाई भइरहेको छ भन्ने प्रश्न गर्नुहुँदै आयोजनाको Head Works मा काम गर्न र अब Tunnel को बाँकी काम पूरा गर्न कति समय लाग्छ ? लक्षित समय (मिति 31st December 2020 सम्म) मा निर्माण कार्य पूरा हुन सक्छ कि सक्दैन भनी जानकारी माग गर्नु भयो ।

साथै उहाँले आयोजनामा निर्माण कार्यमा उत्साहजनक प्रगति किन हासिल हुन सकेन भनी जिज्ञासा राख्नु हुँदै यस कम्पनीमा संस्थापक शेयर लगानीकर्ता स्थानीय चार कम्पनीहरु यस मध्य भोटेकोशी जलविद्युत कम्पनीमा मर्ज गर्ने सम्बन्धमा आफ्नो कम्पनीका प्रतिनिधि श्री गोविन्द प्रसाद पराजुलीले उठान गर्नु भएको विषय दोहोर्‍याउनु भयो र उहाँले उल्लेखित ४ वटा कम्पनीहरु यस मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.मा मर्ज गर्दा सबै पक्षलाई हितकर हुने आफ्नो रायसमेत व्यक्त गर्नुभयो ।

MBK JCL
ESTD 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

## ६. सञ्चालक समितिका अध्यक्ष श्री हरराज न्यौपानेज्यूको जवाफ:

सञ्चालक समितिका अध्यक्ष श्री हरराज न्यौपानेज्यूले संस्थापक शेयरधनी संस्थाका प्रतिनिधिहरुले यस आठौं बार्षिक साधारण सभामा राख्नु भएका जिज्ञासाहरुको जवाफ दिने क्रममा शेयरधनी संस्थाहरुको तर्फबाट यस कम्पनी र आयोजना निर्माण कार्यमा प्राप्त भइरहेको सहयोग र सदभावका लागि आभार व्यक्त गर्नुहुँदै शेयरधनी संस्थाका प्रतिनिधिहरुबाट प्राप्त सल्लाह सुझावहरुलाई कम्पनीले मार्गदर्शनका रुपमा ग्रहण गर्ने आश्वासनसहित उहाँहरुले राख्नु भएका जिज्ञासाहरुमा निम्नानुसार स्पष्ट पार्नु भएको थियो :

आयोजनाको निर्माण कार्य हालै थप गरिएको निर्माण अवधि (मिति 31st December 2020 सम्म) मा सम्पन्न गर्ने लक्ष्यका साथ संशोधित कार्यतालिका बनाई कार्य भइरहेको जवाफ दिनुहुँदै आयोजनाका सबै Front हरुमा हाल भइरहेको निर्माण कार्यहरुको बारेमा सविस्तार जानकारी दिनु भयो । उहाँले हाल आयोजनाका सबै Front हरुमा सुचारुरुपमा काम भइरहेको आधारमा संशोधित कार्यतालिका अनुरुपको समयावधिमा आयोजनाको निर्माण कार्य सम्पन्न हुने विश्वासका साथ काम भइरहेको व्यहोरा प्रष्ट पर्नुभयो ।

उहाँले आयोजनाको लागि लिइने ऋणको निर्माण अवधिको अनुमानित ब्याज खर्चको बारेका उठाइएको जिज्ञासाका सम्बन्धमा जवाफ दिनुहुँदै कर्मचारी सञ्चयकोषबाट यस आयोजनामा प्रबाह भएको ऋणको ब्याज दर सुरुदेखि हालसम्म विभिन्न अवधिमा फरक फरक रुपमा निर्धारण हुँदै आएको, अब आयोजनाको निर्माण कार्यतालिका अनुरुप प्रबाह हुने ऋण रकम र आयोजनाको अवधि थप भएको कारणले आयोजनाको व्यवस्थापकीय एवं प्रशासनिक खर्चमा समेत केही बृद्धि हुनजाने भएकोले यी सबै कुराहरुको आधारमा आयोजनाको लागि आवश्यक ऋण रकम र सो को ब्याज खर्च रकम अनुमान गरी आगामी दिनमा जानकारी गराउने जानकारी दिनु भयो ।

त्यसैगरी उहाँले यस कम्पनीको विद्युत खरिद बिक्री दरका सम्बन्धमा राखिएको प्रश्नका सम्बन्धमा यस कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग गरेको विद्युत खरिद बिक्री संझौतामा भएको प्राबधानका आधारमा प्रष्ट पार्नु भयो ।

स्थानीय चार वटा कम्पनीहरु यस कम्पनीमा Merge गर्ने विषयका सम्बन्धमा उठाइएको सवालमा जवाफ दिनुहुँदै यसका कानूनी पक्षहरुमा कानूनी सल्लाहकारबाट प्रस्तुत रायसमेतलाई ध्यानमा राखी यस कम्पनीका प्रमुख सरोकारवालाहरु (Major Stakeholders) बीच विस्तृतरुपमा छलफल भई सहमति भएपश्चात् यस सम्बन्धमा रहेका कानूनी प्रक्रियाहरु अबलम्बन गरी पछिका दिनहरुमा अगाडि बढ्न उपयुक्त हुने जानकारी दिनु भयो ।

## ७. निर्णयहरु :

छलफलको क्रम समाप्त भएपछि कम्पनी सचिवद्धारा पूर्वनिर्धारित प्रस्तावहरु निर्णयार्थ सभा समक्ष प्रस्तुत गरियो । उक्त सभामा प्रस्तुत निम्न प्रस्तावमा निम्न बमोजिम निर्णय भयो :

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.ब.२०७५/०७६ को वार्षिक प्रतिवेदनउपर छलफल भई त्यसमा उठेका प्रश्न तथा जिज्ञासा स्पष्ट गरी सकिएकोले उक्त प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित भयो ।

MBK JCL
ESTD 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

(२) लेखापरीक्षकको प्रतिवेदनसहित कम्पनीको २०७६ साल आषाढ मसान्तको वासलात र आ.ब. २०७५/०७६ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाहसहितको आ.ब.२०७६/०७७ को आर्थिक विवरण साधारण सभाको विषयसूचीसंगै शेयरधनीहरुलाई उपलब्ध गराइएको र उक्त विवरणहरुउपर छलफलसमेत भइसकेकोले पारित गरिदिनका लागि सभासमक्ष प्रस्ताव गरिएकोमा आ.ब.२०७५/०७६ आर्थिक विवरणहरु प्रस्तुत गरिएबमोजिम नै सर्वसम्मतिबाट पारित भयो ।

(३) यस कम्पनीको आ.ब.२०७६/०७७ को हिसाबको लेखापरीक्षणका लागि श्री महालेखापरीक्षकको कार्यालयबाट चार्टर्ड एकाउण्टेण्ट श्री ध्रुब अधिकारीलाई नियुक्ति गर्न परामर्श दिई पठाइएअनुसार निजले आफू संलग्न चार्टर्ड एकाउण्टेण्ट फर्म श्री एम.जि.एस.एण्ड एशोसियट्स, अनामनगर, काठमाण्डौंका तर्फबाट लेखापरीक्षणका लागि पेश गर्नुभएको प्रस्ताव बमोजिम लेखापरीक्षण समितिको मिति २०७६।०७।२४ को बैठकबाट सिफारिस भई आएअनुसार सञ्चालक समितिको मिति २०७६।०७।२८ को २०५औं बैठकले निजलाई लेखापरीक्षक नियुक्ति गर्ने सम्बन्धमा गरेको सिफारिसको जानकारी गराउँदै आ.ब.२०७६/०७७ को हिसाब लेखापरीक्षण गर्न चार्टर्ड एकाउण्टेण्ट फर्म श्री एम.जि.एस.एण्ड एशोसियट्स, अनामनगर, काठमाण्डौंसम्बद्ध सि.ए.श्री ध्रुब आधिकारीलाई प्रस्ताव गर्ने निर्णय गरेको व्यहोरा सभा समक्ष प्रस्तुत गरियो । निज लेखापरीक्षकको पारिश्रमिक सम्बन्धमा मूल्य अभिबृद्धि करबाहेक रु.१,७०,०००।- (अक्षरेपी एक लाख सत्तरी हजार मात्र) निर्धारण हुनुपर्ने भनी सञ्चालक समितिबाट सिफारिस भएको कुरा पनि सभामा जानकारी गराइयो । प्रस्तुत प्रस्तावउपर छलफल हुँदा आ.ब. २०७६/०७७ का लागि कम्पनीको हिसाब किताब लेखापरीक्षण गर्न प्रस्ताव गरिएबमोजिम चार्टर्ड एकाउण्टेण्ट फर्म श्री एम.जि.एस.एण्ड एशोसियट्स, अनामनगर, काठमाण्डौंसम्बद्ध सि.ए.श्री ध्रुब आधिकारीलाई लेखापरीक्षकमा नियुक्त गर्ने र लेखापरीक्षण शुल्कवापत मू.अ.करबाहेक रु.१,७०,०००।- (अक्षरेपी एक लाख सत्तरी हजार मात्र) तोक्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(४) **विशेष प्रस्ताव:**

आ.ब. २०७५/०७६ मा विभिन्न संघ संस्थालाई जम्मा रु.२,३६,५००।- (अक्षरेपी दुई लाख छत्तिस हजार पाँच सय मात्र) आर्थिक सहायता उपलब्ध गराएको हिसाब अनुमोदनका लागि यस सम्मानित सभामा निर्णयार्थ प्रस्ताव पेश गरिएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(५) बिबिध : बिबिधमा कुनै प्रस्ताव नआएको ।

८. **प्रस्तावहरु पारित भएको घोषणा, धन्यबाद ज्ञापन तथा साधारण सभा समापन भएको उद्घोषण :**

अध्यक्षज्यूले यस आठौं बार्षिक साधारण सभामा प्रस्तुत् गरिएका सबै प्रस्तावहरु सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुहुँदै उक्त प्रस्तावहरु पारित गरिदिनु भएकोमा शेयरधनी संस्थाका प्रतिनिधिहरुलाई हार्दिक धन्यबाद व्यक्त गर्नु भयो ।

त्यसैगरी अध्यक्षज्यूले बार्षिक साधारण सभा सफल बनाउन सभामा उपस्थित शेयरधनी संस्थाका प्रतिनिधिहरु, अन्य शेयरधनीहरु, सञ्चालकहरु, कम्पनी रजिष्ट्रार कार्यालयका प्रतिनिधि, लेखापरीक्षकहरु, अन्य अतिथिहरु तथा

MBK JCL
ESTD 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

कर्मचारीहरुमा हार्दिक आभार एवं धन्यबाद व्यक्त गर्नुहुँदै यो आठौं बार्षिक साधारण सभा समापन भएको उद्घोषण गर्नुभयो ।

माथि उल्लेखित विवरणहरु आठौं बार्षिक साधारण सभाको काम कारबाहीको यथार्थ अभिलेख हो ।

उक्त सभाको औपचारिक कार्यक्रम अपरान्ह १:३० बजे सम्पन्न भएको थियो ।

MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

(तोमलाल सुवेदी)
कम्पनी सचिब

(हरराज न्यौपाने)
अध्यक्ष